**Riviera International Academy**

**Revision Assignment-2078**

**Day 7 (Jestha 21, 2078, Friday)**

**Class: Two**

**Subject: Mathematics**

| | | |
|---|---|---|
| 1 | What is 3 x 4 ? | |
| 2 | Which number is not a multiple of 3 ?<br>6 9 12 7 30 | |
| 3 | Write Fifty One in numbers. | |
| 4 | Which number is not a multiple of 2 ?<br>1 18 22 28 42 | |
| 5 | How many sides a Triangle has?<br> | |
| 6 | Which number comes after 23 ? | |
| 7 | What number is one half of 6 ? | |
| 8 | How many Stars are there?<br> | |
| 9 | What is 10 x 2 ? | |
| 10 | What is 15 - 10 ? | |

**Subject – Science**

a. What are non-living things?

b. Name any four features of non- living things.

**Subject: Serofero**

Read.

पाठ २

# हाम्रा छरछिमेक

**शिक्षकले पढेको सुन्नुहोस् र बुझ्नुहोस् :**

हामी हाम्रो आफ्नै परिवारमा बस्छौँ । हाम्रो घरका वरिपरि अन्य धेरै परिवारहरू बस्छन् । उनीहरू हाम्रा छिमेकी हुन् र हामीहरू उनीहरूका छिमेकी हौँ । हामी एक-अर्कालाई राम्ररी चिन्दछौँ । हामी एक-अर्कासँगै मिलेर बस्छौँ ।



यसरी विभिन्न परिवारहरू मिलेर छरछिमेक बन्दछ । यसलाई समुदाय पनि भनिन्छ । हामी समुदायमा बस्दछौँ र विभिन्न किसिमका कामहरू गर्छौँ । अप्ठेरो परेको बेलामा आवश्यकताअनुसार एक-अर्कालाई सहयोग पनि गर्छौँ ।

हामी सबै काम एक्लै गर्न सक्दैनौं । हामीले हाम्रो छरछिमेकमा पनि भर पर्नुपर्ने हुन्छ । हाम्रो समुदायमा डाक्टरहरू पनि हुनुहुन्छ । बिमारी पर्दा उहाँहरूले हाम्रो उपचार गर्नुहुन्छ ।





हाम्रो समुदायमा धेरै जना कृषकहरू हुनुहुन्छ । खेतबारीमा काम गरेर अन्न फलाउनुहुन्छ । अन्न र फलफूलबिना हामी स्वस्थ भएर बाँच्न सक्दैनौं ।

हामी नाउकहाँ गएर कपाल (केश) कटाउँछौं । उहाँहरूको सिपलाई हामीले सधैं सम्मान गर्नुपर्छ । उहाँहरूको कामले हामीलाई ठुलो सहायता पुऱ्याएको हुन्छ ।





हाम्रो समुदायमा सूचीकारहरू पनि बस्नुहुन्छ । उहाँहरूले हाम्रो लुगा सिलाइदिनुहुन्छ। उहाँहरूले सबै प्रकारका लुगाहरू सिलाउनुहुन्छ । उहाँहरूले सिलाएका विभिन्न प्रकारका पहिरनहरू हामीले आवश्यकताअनुसार लगाउँछौं ।

यसैगरी हाम्रो छिमेकमा सिकर्मीहरू पनि हुनुहुन्छ । उनीहरूले काठका फर्निचरहरू जस्तै डेस्क, बेन्च, टेबुल र कुर्सीहरू बनाउनुहुन्छ। उहाँहरूले काठका झ्याल, ढोकाहरू पनि बनाउनुहुन्छ ।





हाम्रो छिमेकमा विभिन्न प्रकारका पसलहरू पनि छन् । पसलेहरूले सामानहरू बेच्नुहुन्छ। हामी सब्जीपसलबाट हरियो सागसब्जी र किताबपसलबाट किताबहरू किन्छौं ।

हाम्रो छरछिमेकमा धेरै परिवारहरू बस्नुहुन्छ । उहाँहरूले अप्ठेरो परेको बेलामा मदत पनि गर्नुहुन्छ । हामी सबैप्रति आभारी छौं । यसरी हामी सबैले छरछिमेकीको आदर र सत्कार गर्छौं ।



**बिषय : नेपाली**

***प्रश्न*** : पाठ १  'भँगेरा र भँगेरी' मा दिइएका शब्द अर्थहरु पढ र लेख ।

**Subject - Computer**

Write 10 machines you see at your home.

**The End.**